# सर्केगाड गाउँपालिका, हुम्ला

# कर्णाली प्रदेश, नेपाल

## स्थानीय राजपत्र

भाग-१

| खण्डः १ | संख्याः ५ | मितिः २०७६/०१/२७ |
|---|---|---|

**सर्केगाड गाउँपालिकाको आर्थिक संकेत वर्गीकरण र ब्याख्या, २०७६**

सर्केगाड गाउँपालिका, हुम्ला

# सर्केगाड गाउँपालिकाको आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७६

स्वीकृति मितिः २०७६।०१।२७
प्रमाणित मितिः२०७६।०१।२७

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सर्केगाड गाँउपालिकाको सञ्चित कोषको संचालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्च गर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न, आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरिक्षण गर्न, बेरुजु फछ्र्यौट तथा असुलउपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित, व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले,

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को दफा ४ बमोजिम सर्केगाड गाँउपालिकाको गाँउ सभाले यो कानून बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कानूनको नाम "सर्केगाड गाँउपालिकाको आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७६" रहेकोछ ।

(२) यो कानून सभाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,-

(क) "बजेट संकेत" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत तथा वर्गीकरणको अधीनमा गाँउपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालय वा सो सरहको क्षेत्राधिकार भएका आयोजना कार्यकक्रम आदिको कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी सर्केगाड गाउँपालिकाले दिएको संकेतलाई जनाउँछ ।

(ख) "ब्याख्या " भन्नाले संकेतमा दिईएको खर्च गर्ने शिर्षकहरुलाई सम्झनु पर्छ ।

(ग) "गाँउपालिका" भन्नाले सर्केगाड गाँउपालिका सम्झनु पर्छ ।

(घ) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र बिषयगत शाखा प्रमुखको हकमा गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत, गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हकमा गाँउपालिकाको प्रमुख र प्रमुखको हकमा गाँउकार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कारोबार" भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित ऐन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सर्केगाड उपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

सर्केगाड गाउँपालिका, हुम्ला

(छ) “कार्यालय प्रमुख” भन्नाले खण्ड (छ) र (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(ज) “जिम्मेवार व्यक्ति” भन्नाले लेखा उत्तरदायी अधिकृत बाट अधिकार सुम्पिए बमोजिमको कार्य संचालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तब्य भएको ब्यक्ति सम्झनु पर्छ । सो शब्दले सर्केगाड गाँउपालिकाको कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फर्छ्याउने जिम्मा लिने जुनसुकै ब्यक्ति समेतलाई जनाउँछ ।

(झ) “तालुक कार्यालय” भन्नाले वडा कार्यालय तथा बिषयगत कार्यालयको हकमा सर्केगाड गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ञ) “बैंक” भन्नाले सञ्चित कोषको सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त सर्केगाड गाँउपालिकाले तोकेको कुनै बैंक सम्झनु पर्छ र सो शब्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोवार गर्ने गरी तोकिएको बैंकको शाखा समेतलाई जनाउँछ ।

(ट) “मातहत कार्यालय” भन्नाले सर्केगाड गाँउपालिका मातहत रहेको वडा कार्यालय वा बिषयगत शाखा, महाशाखा, विभाग वा कार्यालय र एकाई सम्झनुपर्छ ।

(ठ) “लेखा” भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्यकागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनु पर्छ ।

(ड) “लेखाउत्तरदायी अधिकृत” भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोवारको लेखा राख्ने र राख्नल गाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य जुनसुकै कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुलउपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तब्य भएको सर्केगाड गाँउपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ढ) “वडा कार्यालय” भन्नाले सर्केगाड गाँउपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(ण) “वडा सचिव” भन्नाले सर्केगाड गाँउपालिकाको वडा सचिवलाई सम्झनुपर्छ ।

(त) “विनियोजन” भन्नाले सर्केगाड गाँउपालिका सभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ ।

(थ) “वित्तीयविवरण” भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिमकुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएकोको बिबरण सम्झनुपर्छ र सो शब्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकका आधारमा वनाइएको बजेट अनुमान, निकाशा, खर्च,आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्वन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(थ) “बिषयगत शाखा” भन्नाले सर्केगाड गाउँपालिका अन्तर्गत रहेको बिषयगत विभाग, महाशाखा, शाखा, कार्यालय वा एकाइलाई सम्झनुपर्छ ।

३ स्थानीय तह स्वयंले खर्च गर्ने बजेट उपशिर्षकमा स्थानीय तह संकेतको पछाडी ३ अंकको बजेट संकेत थप गर्ने ।

४ स्थानीय तहको कार्यालय बाटै हुने खर्चका लागि बजेट तर्जुमा गर्नका लागि बजेट १०१ बाट शुरु गरी थप गर्दै जाने ।

५. वडा कार्यालयहरुका लागि २०१ बाट शुरु गरी जति वटा वडा छन त्यति वटा वडा थप गर्ने ।

६. यस वाहेक अन्य प्रयोजनकालागि ३०१ बाट शुरु गरी क्रमशः थप गर्दै जाने ।

७. संशोधन हुनसक्ने : यसमा लेखिएका खर्च उपशिर्षकहरु आवश्यक देखिएमा गाँउकार्यपालिकाको बैठकबाट यसमा भएको व्यवस्थामा संशोधन गर्न सक्नेछ ।

आज्ञाले
रुद्र बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

सर्केगाड गाउँपालिका, हुम्ला